मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २४६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन ७ गते सोमबार (Monday, 22 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्व तयारी गरौं
- बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,

पानीको वहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
बाढी र पहिलोको जोखिमबाट बच्न पूर्व सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रधानमन्त्रीलाई विश्वासको मत



**काठमाडौँ, साउन ६।** प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभाको आइतवारको बैठकमा प्रस्तुत गरेको विश्वासको मतसम्बन्धी प्रस्ताव बहुमतले पारित भएको छ ।

प्रधानमन्त्री ओलीद्वारा नेपालको संविधान २०७२ को धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधिसभाबाट विश्वास प्राप्त गर्न प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १५५ बमोजिम राखेको प्रस्तावलाई बहुमतले पारित गरेको हो । बैठकमा भएको मतदानको परिणाम घोषणा गर्दै सभामुख देवराज घिमिरेले सभामा तत्काल कायम रहेको संख्याको बहुमतले सो प्रस्ताव स्वीकृत भएको जानकारी गराए ।

मतदानमा कुल दुई सय ६३ सदस्यले भाग लिएकामा प्रधानमन्त्रीले रोखको विश्वासको मतको प्रस्तावका पक्षमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले)लगायतका राजनीतिक दल सम्वद्ध सांसदको गरी कूल एक सय ८८ मत परेको थियो भने विपक्षमा नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) पार्टीलगायतका दलका गरी ७४ मत परेको छ । प्रधानमन्त्रीले प्राप्त गरेको उक्त मत संसदमा रहेका कूल सदस्यको दुई तिहाइ हो । नेपाल मजदुर किसान पार्टीका एकमात्र सांसद प्रेम सुवाल तटस्थ रहे ।

गत असार २८ गते एमालेका अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त भएका थिए । गत असार १७ गते कांग्रेस र एमालेबीच सात बुँदे सहमति भएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही साउन ७ गते सोमबार दिउँसो १ बजे बस्नेछ ।

**सरकारविरुद्धको रिट सवैधानिक इजलासमा सुनुवाइ हुने**

सर्वोच्च अदालतले वर्तमान सरकार गठन गर्दा संविधानको गलत धारा प्रयोग

***(बाँकी अन्तिम पृष्ठमा)***

### कांग्रेस र एमालेबीच भएको सहमति

**काठमाडौ, साउन ६।** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको सातबुँदे सहमतिबारे सदनलाई जानकारी गराएका छन् ।

प्रतिनिधिसभाको आइतवारको बैठकमा विश्वासको मत माग्ने क्रममा प्रधानमन्त्री ओलीले गत असार १७ गते कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिबारे सदनलाई जानकारी गराएका हुन् । उनले सदनलाई जानकारी गराएको सहमतिका सातवटा बुँदा यसप्रकार रहेका छन् ।

१) आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गरिने छ ।

२) राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सवल पक्ष र दुर्वल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिने छ ।

३) अर्थतन्त्रमा देखिएको विद्यमान सिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने र आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गरिने छ ।

४) राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले तथा त्यसपछि २०८४ मंसीरमा हुने आम निर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने ।

५) राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम् साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गरिने छ ।

६) राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताका आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने तथा अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गरिने छ ।

७) राष्ट्रिय सहमतिको सरकारको मर्म र भावनाअनुरुप प्रदेश सरकारको गठन तथा सञ्चालन गर्ने र जनभावनाअनुरुप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिइने छ ।

## बङ्गलादेशबाट विद्यार्थी घर फर्किँदै



**झापा, साउन ६।** पूर्वीनाका काँकरभिट्टा हुँदै तीन दिनमा तीन सय ४० जना नेपाली विद्यार्थी बङ्गलादेशबाट फर्किएका छन् । बङ्गलादेशमा हिंस्रक आन्दोलन चर्किएपछि नेपाली विद्यार्थीहरु स्वदेश फर्किन थालेका हुन् ।

अध्यागमन कार्यालय काँकरभिट्टाका प्रमुख मोहन पनेरुले बिहीबार ८५, शुक्रबार एक सय १४ र शनिबार एक सय ४१ जना नेपाली विद्यार्थी स्वदेश फर्किएका जानकारी दिए । नेपाली विद्यार्थीसँगै बङ्गलादेशमा अध्ययनरत् माल्दिभ्सकी एक छात्रासमेत काँकरभिट्टा नाका भएर नेपाल आएकी उनले बताए ।

माल्दिभ्सकी छात्रा नेपालीसँगै त्यहाँ अध्ययन गर्दिरहिछन्- अध्यागमन प्रमुख पनेरुले भने - आन्दोलनका कारण हिंसा बढेपछि उनी पनि नेपालीसँगै यहाँ आइन् । भारतीय अध्यागमन अधिकारीले पनि उनलाई नेपाल जान अनुमति दिएका उनले जानकारी दिइन् ।

चिकित्सा शिक्षा अध्ययनका लागि हजारौँ नेपाली विद्यार्थी बङ्गलादेशमा रहँदै आएका छन् । केही समययता बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण धेरै भएको भन्दै चलेको विद्यार्थी आन्दोलनले उग्ररुप लिएको छ । त्यहाँ रहेका सम्पूर्ण शिक्षण संस्थाहरु बन्द गरिएका छन् । ढाकास्थित नेपाली राजदूतावासले सूचना जारी गर्दै नेपाली विद्यार्थीलाई अत्यावश्यक काम नपरी होस्टलबाट बाहिर ननिस्कन आग्रह गरेको अध्यागमन कार्यालय काँकरभिट्टाका प्रमुख पनेरुले जानकारी दिए । कुनै कारणवश होस्टेलबाट बाहिरिनु पर्ने भएमा दूतावासमा जानकारी गराउनसमेत भनिएको उनले बताए ।

बङ्गलादेशमा हिंसात्मक आन्दोलन चर्किएपछि नेपाली विद्यार्थीले त्यहाँ बस्नुभन्दा स्वदेश फर्किनु उचित सम्झेर परिवारसँग सम्पर्क गरिरहेका अध्यागमन प्रमुख पनेरुले बताए । राजधानी ढाकाबाट २० किलोमिटर टाढा इनाम मेडिकल कलेजमा एमबिबिएस अध्ययन गरिरहेका भुषण पोखरेल त्यहाँ

***(बाँकी अन्तिम पृष्ठमा)***

## रैथाने संस्थालाई ठाउँ उपलब्ध गराउन माग

**बिर्तामोड, साउन ६।** रैथाने बाली तथा सांस्कृतिक परिकारको प्रवर्द्धन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि बजार व्यवस्थापन समिति बिर्तामोडलाई ठाउँ उपलब्ध गराई दिन निर्देशन दिएको छ ।

रैथाने बालीबाट उत्पादित तत्वलाई ब्राण्डिङ गरी विदेशी रक्सीलाई निरूत्साहित पार्दै आयआर्जन गर्न दबाब परिरहेको बेला कृषि मन्त्रालयले रैथाने बाली तथा संस्कृतिक परिकार प्रवर्द्धनका लागि जोड दिएर स्थान उपलब्ध गराउन कृषि बजारलाई असार २७ गते चलानी नं. ११७ भनी पत्र पठाएको रैथाने बाली तथा सांस्कृतिक परिकारका अध्यक्ष टेकबहादुर खजुमले जानकारी दिए ।

विगत तीन वर्ष अघिबाट रैथाने बालीको संरक्षण र प्रवर्द्धनका लागि काम गर्दै ९ जिल्लामा नै संगठन विस्तार गर्दै यस संस्थाले सरकारलाई विदेशी रक्सी र कोदोमा रकम विदेशीएको जानकारी गराउँदै आएको छ ।

यसैबीच आइतवार रैथाने वाली संरक्षण समितिले कृषि बजार व्यवस्थापन समितिका अध्यक्ष निरजकुमार ओलीलाई मन्त्रालयबाट आएको परिपत्र बुझाएका छन् । पत्र बुझ्दै ओलीले रैथाने वालीलाई स्टलको व्यवस्था मिलाइदिने प्रतिवद्धता जनाएका छन् ।

कार्यक्रममा बिर्तामोड नगरपालिका -५ का वडाध्यक्ष रोहित प्रसाई, पूर्व अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन लगायतले लोप हुँदै गएको रैथाने वाली र त्यसको संकृतिक परिकारका विषयमा आफूहरु सक्रिय सहयोग गर्ने बताएका छन् । वडाध्यक्ष प्रसाईले व्यवस्थापन समितिलाई ठाउँ उपलब्ध गराउन आग्रह गरेका छन् ।

## १६५७ जनामा डेङ्गु सङ्क्रमण

**काठमाडौँ, साउन ६।** पछिल्लो समय देशभर लगातार पानी परिरहेकाले डेङ्गु सङ्क्रमण बढ्दै गएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालका अनुसार ७३ जिल्लाका एक हजार छ सय ५७ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ ।

मन्त्रालयले यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएकाले मनसुनको समयमा लामखुट्टेको प्रजनन् अवस्था अनुकूल बन्नसक्ने र डेङ्गुको सङ्क्रमण पनि बढ्नसक्ने आँकलन गरिएको उनले बताए । उनले मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिएको जानकारी दिए ।

सबैभन्दा बढी काठमाडौँ जिल्लामा एक सय ९६ जनामा डेङ्गु देखिएको छ । त्यसपछि झापामा एक सय २८ र चितवनमा ९२ जनामा सङ्क्रमण देखिएको डा. दाहालले बताए । वर्षाका बेला पानी सङ्कलन गरेर राख्ने, सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भन्दै त्यही लामखुट्टेले टोक्ने भएकाले डेङ्गुको सङ्क्रमण बढेको उनले उल्लेख गरे ।

**उपत्यकामा २५५ जनामा सङ्क्रमण**

उपत्यकामा दुई सय ५५ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । काठमाडौँमा एक सय ९६, भक्तपुरमा ३५ र ललितपुरमा २४ जनामा देखिएको हो । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्दछ- रोग शाखाका प्रमुख डा. दाहालले भने ।

**मोरङका पालिकाहरूमा डेँगु रोकथाम तथा नियन्त्रण अभियान**

मोरङका पालिकाहरूमा डेँगु रोकथाम तथा नियन्त्रणका लागि सचेतना अभियानलाई तीव्र बनाइएको छ । सरोकारवालाहरूलाई जिम्मेवार बनाई डेँगु नियन्त्रणमा सहभागिता सहितको सचेतना जगाउने उद्देश्यले अभियानलाई तीव्र बनाइएको हो । अभियान अन्तरगत एक हप्ताभित्र जहदा र ग्रामथानमा सचेतना कार्यक्रम सञ्चालनमा आएको छ । पालिकाहरूको आयोजनामा भएको कार्यक्रमलाई सहारा नेपाल, फेयरमेड लगायतले आर्थिक सहयोग गरेका छन् ।

आइतबार ग्रामथान गाउँपालिकामा डेँगु खोज र नष्ट गर अभियान अन्तरगत सचेतनामुलक कार्यक्रम आयोजना गरिएको थियो । सहारा नेपाल र एनएलआरको प्राविधिक सहयोगमा भएको कार्यक्रममा डेँगु नियन्त्रण गर्ने उपायहरू सहित सामूहिक अभ्यास गर्दा हुने फाइदाहरूको बारेमा जानकारी गराइएको थियो । पछिल्लो समय डेँगुको सङ्क्रमण बढ्दै जाँदा मोरङ जिल्लाका धेरै ठाउँमा यो अभियानलाई तीव्र बनाइएको सहारा नेपाल विश्वास परियोजनाका मोरङ सुपरभाइजर सौरभ बगालेले जानकारी दिए ।

कार्यक्रममा बोल्दै ग्रामथान गाउँपालिकाका कार्यवाहक अध्यक्ष गुणवतीदेवी थारुले पालिकामा डेँगुको

***(बाँकी अन्तिम पृष्ठमा)***

## गुरु पूर्णिमामा व्यास रथयात्रा



**झापा, साउन ६।** गुरु पूर्णिमा ( व्यास जयन्ती)को अवसर पारेर पूर्वीय दर्शन प्रतिष्ठान नेपालले अभूतपूर्व तथा ऐतिहासिक रूपमा व्यास रथयात्रा सम्पन्न गरेको छ । सनातन कालदेखि रहिआएको गुरुशिष्य र ज्ञानको सुदीर्घ परम्परा पनि र भविष्यमा पनि जीवन्त रहनुपर्छ भन्ने मान्यताका साथ यस वर्षदेखि विभिन्न विद्यालयमा पुगी सन्देश प्रवाह गर्दै गुरुपूजन गरिएको हो ।

प्रतिष्ठानका अध्यक्ष चन्द्रप्रसाद खनाल, महासचिव रामकृष्ण ढकाल, सहसचिव दीपेन्द्र दाहाल, सदस्य शुभाकर खतिवडा, पं. आदित्य अधिकारी लगायतको टोलीले विर्तामोड नगरको परिक्रमा गर्दै गोमेन्द्र महाविद्यालय, एमिटी एजुकेशन फाउन्डेसन विर्तामोड तथा ब्रिलियन्ट एजुकेशन फाउन्डेसन अर्जुनधारामा पुगी संक्षिप्त गुरुपूजन तथा सम्मान कार्य सम्पन्न गरेको थियो । सम्मानित गुरुहरूमा गोमेन्द्र महाविद्यालयका प्राचार्य डा. रूपक खनाल, ब्रिलियन्ट एजुकेशन फाउन्डेसनका प्रधानाचार्य ताराप्रसाद नेपाल , एमिटी एजुकेशन फाउन्डेसनका कलेज कोअर्डिनेटर विनोद शाह, संस्थापक सदस्य केशवी ढकाल, लक्ष्मी खड्का आदि हुनुहुन्थ्यो ।

कार्यक्रममा अध्यक्ष चन्द्रप्रसाद खनालले गुरुशिष्य सम्बन्धको गहिराइलाई सबै बालबालिकामाझ पुऱ्याउने हेतुले अग्रसर हाम्रो प्रतिष्ठान सकारात्मक विचारनिर्माणको लागि बालबालिकालाई अभिप्रेरित गर्दै विचारले नै जीवनलाई सार्थक बनाउनेमा जोड दिए । बालबालिकालाई सफ्टवेयर र हार्डवेयरको उदाहरण दिँदै जीवनको सफ्टवेयर नै अध्यात्मको रूपमा बुझाउँदै आफ्नो धारणा राखे । साथै आगामी दिनहरूमा पनि प्रतिष्ठान बालमैत्री कार्यक्रमका लागि विद्यालयसँग सहकार्य गर्न तत्पर रहेको पनि जानकारी गराए ।

डा. रूपक खनाल, ताराप्रसाद नेपाल तथा विनोद शाहले क्रमश गोमेन्द्र महाविद्यालय, ब्रिलियन्ट एजुकेशन फाउन्डेसन तथा एमिटी एजुकेशन फाउन्डेसनमा आयोजित कार्यक्रममा शुभकामना व्यक्त गरेको कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष चन्द्रप्रसाद खनाल, स्वागत मन्तव्य दीपेन्द्र दाहाल एवम् शुभाकर खतिवडा तथा सञ्चालन रामकृष्ण ढकालले गरेका थिए ।

## शनिश्चरे क्याम्पसमा अध्ययन गर्ने छात्रा बढी

**अर्जुनधारा, साउन ६।** शैक्षिक प्रतिष्ठानको हब बन्दै आएको शनिश्चरे बहुमुखी क्याम्पस ग्रामीण क्षेत्रका विद्यार्थीहरुका लागि पहिलो गन्तव्य बन्दै आएको छ । सस्तोसँगै भरपर्दो रुपमा अध्ययन हुँदा ग्रामीण क्षेत्रका विद्यार्थीहको पहिलो गन्तव्य बन्दै आएको हो । शनिश्चरे क्याम्पस विद्यार्थीका लागि मात्र होइन अभिभावकहरुको नजरमा पनि विश्वासिलो क्याम्पस बन्दै आएको छ ।

२०६४ सालमा यसै क्षेत्रका शिक्षाप्रेमी, समाजसेवी र स्थानीयवासीको पहलमा स्थापना भए पनि २०८१ सम्म आउन निकै कसरत र मिहेनत गर्नुपरेको देखिन्छ । शुरु-शुरुमा विद्यार्थी नभएर कुद्नु परेको पीडा पनि त्यतिकै थियो ।

अर्जुनधारा वडा नं. -७ स्थित करिब १ विगाह १ कठ्ठा साढे ९ धुर क्षेत्रफलमा क्याम्पस सञ्चालित छ । क्याम्पसमा अध्ययन गर्ने छात्रछात्रा नगर क्षेत्रका भन्दा पनि जिल्ला बाहिरका रहेको क्याम्पस प्रमुख मोहन ओलीले बताए । क्याम्पसमा जुकेखाडी, गाँजाबारी, साँधुटार लगायत बिर्तामोड, चारपाने र लक्ष्मीपुरबाट पनि विद्यार्थीहरु अध्ययनका लागि आउने गरेका छन् ।



यसका साथै इलामको दानाबारी, पाँचथरदेखि ताप्लेजुङसम्मका विद्यार्थीहरु विद्यालयमा अध्ययन गर्ने गरेको बताए । यसै क्याम्पसका प्राध्यापकहरुको मिहेनत र सञ्चालक समितिको कडा कसरतले क्याम्पसमा हाल ६७३ जना विद्यार्थीहरु अध्ययन गर्दै आएका छन् । क्याम्पसमा विशेष गरी छात्रभन्दा छात्रा बढी अध्ययनरत छन् । छात्रा ४८५ जना छन् भने छात्र १८८ जना रहेका छन् । सुलभ शुल्क, भरपर्दो पढाइ र टाढाटाढाका विद्यार्थीहका लागि यातायातको समेत व्यवस्था भएको हुँदा नगर बाहिरका विद्यार्थीहरु आकर्षित भएको क्याम्पसले जनाएको छ ।

हामी क्याम्पसलाई सबैको र राम्रो शैक्षिक क्षेत्र बनाउन र स्तरोन्नतितर्फ लैजान प्रयास गरिरहेका छौं- क्याम्पस

***(बाँकी अन्तिम पृष्ठमा)***

# वीपीको ४२ औं स्मृति दिवस मनाइयो



**झापा ६ साउन।** महामानव विश्वेश्वरप्रसाद कोइरालाको आइतवार ४२ औं स्मृति दिवस। प्रजातान्त्रिक समाजवादी दर्शनका प्रतिपादक विपीको स्मरणमा देशभर विविध कार्यक्रम गरी मनाइएको छ। नेपालमा प्रजातन्त्र स्थापनाका लागि महामानव विपी कोइरालाले आफ्नो जीवनकालमा गरेको योगदान, त्याग, बलीदानीपूर्ण संघर्ष, विपीको ब्यक्तित्व एवम् विपीले गरेको साहित्यिक योगदानबारे चर्चा र उनले प्रतिपादन गरेको समाजवादी चिन्तनका बारे ब्याख्या, विश्लेषण, विचार गोष्ठी, रक्तदान बृक्षरोपण, प्रजातन्त्रवादी योद्धाको सम्मान आदि कार्यक्रम गरी ४२ औं विपी स्मृति दिवस मनाइएको हो।

यही दिवसको सन्दर्भ पारेर झापाका १५ पालिकाका एक सय ३१ वटै वडा समिति, भातृ तथा शुभेच्छुक संस्थाहरुले विभिन्न कार्यक्रम सम्पन्न गरेका छन्। विपी स्मृति दिवसको अवसर पारेर भद्रपुर नगर समितिले भद्रपुर-१० विपी चोकमा रहेको पूर्णकदको शालिकमा माल्यार्पण एवम् विचार गोष्ठी सम्पन्न गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि एवम् नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापाले विपीले प्रतिपादन गरेको सिद्धान्त नयाँ पुस्ताका लागि प्रेरणाको श्रोत बनेको बताए। विपीको त्यो बेलाको साहित्यिक तथा राजनीतिक दर्शनले मात्रै अहिलेको राजनीतिक व्यवस्था चलेको बताउँदै सभापति थापाले विपीले २०३३ सालमा भारतबाट नेपाल फर्कंदा ल्याएको मेलमिलापको नीति नेपालका सबै राजनितीक दलहरुमा लागू हुनुपर्ने धारणा राखे।

कोशी प्रदेशको पूर्व मुख्य मन्त्री समेत रहेका थापाले एक फरक प्रसङ्गमा वर्तमान कांग्रेस एमाले बीचको गठबन्धन देशको आवश्यकता भएको बताउँदै २०८४ सालको निर्वाचनसम्म दुवै पार्टी मिलेर जानुपर्नेमा जोड दिए। नगर सभापति राम कँडेलको सभापतित्वमा सम्पन कार्यक्रममा नेपाल महिला संघ झापा उपाध्यक्ष शर्मिला अधिकारीले पनि मन्तब्य राखेकी थिइन्। कार्यक्रममा भद्रपुर -१० का वडा सभापति विष्णु काफ्लेले स्वागत र नगर सहसचिव नन्दकुमार राजवंशीले सञ्चालन गरेका थिए।

यही दिवसको सन्दर्भ पारेर दमक वडा नं-५ ले स्थानीय धनेश्वर धामलाई फूलसहितका गमला हस्तान्तरण गरेको छ। पार्टीका केन्द्रीय सदस्य महेन्द्राकुमारी सुब्बा, जिल्ला उपसभापति शेरबहादुर भट्टराइ, क्षेत्रीय सभापति ढुण्डिराज भण्डारी, क्षेत्र नं-५ प्रदेशसभा ख का सभापति रवि के.सी, नगर सभापति प्रकाश प्रसाई लगायतको उपस्थितिमा धाम परिवारलाई फूलसहितका गमला हस्तान्तरण गरिएको वडा सभापति चैतन्य बरालले जानकारी दिए।

विपी स्मृति दिवसकै सन्दर्भ पारेर कनकाई नगरपालिका वडा नं-१, २ र ७ को संयुक्त आयोजनामा दुर्गापुर बजार परिसरमा रक्तदान एवम् विचार गोष्ठी कार्यक्रम सम्पन्न भएको छ। नेपाली कांग्रेस झापाको सचिव कृष्ण हुमागाँईको प्रमुख आतिथ्य र एकराज उप्रेतीको विशेष आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो। ईश्वरी शिवाकोटीको सभापतित्व र मनोज बस्नेतको स्वागत रहेको कार्यक्रममा विपीले प्रतिपादन गरेको समाजवादी चिन्तन र त्यसको ब्यवहारिक कार्यान्वयनका विषयमा विचारगोष्ठी गरिएको थियो। कार्यक्रममा ४१ पिन्ट रगत संकलन भएको बताइएको छ।

यसैगरी अर्जुनधारा नगरपालिका वडा नं-४ ले कैंदले वनपूर्वको जैविक तटबन्ध क्षेत्रमा विभिन्न प्रजातिका दुई सय विरुवा रोपेको छ। नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्ला सदस्य रश्मिशेखर सुवेदीको विशेष आतिथ्य रहेको थियो। कार्यक्रम उपसभापतिद्वय घनेन्द्र बुढाथोकी र भाष्कर पाण्डेको संयोजनमा सम्पन्न भएको हो।

गोष्ठीलाई प्रमुख अथितिको रुपमा सम्बोधन गर्दै प्रमुख अतिथि हुमागाँईले पूँजीवाद, सामन्तवाद, सर्वहारा बर्गको अधिनायकवाद र लोकतान्त्रिक समाजवादका बीचको भिन्नता र अन्तरको बिषयमा आफ्नो बिचार राखेका थिए। उनले भने - अबको तीन दशक नेपालमा प्रजातान्त्रिक समाजवादको आवश्यकता छ। त्यस पछि नेपालमा पूँजीवादको शरुवात हुन्छ। विपी स्मृति दिवसको अवसर पारेर विर्तामोड-५ मा आयोजित 'वीपी, समाजवाद, अबको कार्यदिशा' विषयक विचार गोष्ठीका सहभागी बक्ताहरुले विपीले प्रतिपादन गरेको समाजवादी नीतिलाई नेतृत्व पंक्तिलाई ब्यवहारिक कार्यान्वयन गर्न सुझाव दिएका छन्।

वडासभापति दीपक मेनेङ्बोको सभापतित्व एवम् पार्टीका महासमिति सदस्य एवम् जिल्ला कोषाध्यक्ष जलकुमार गुरुङको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमका सहभागी वक्ताहरुले प्रजातान्त्रिक समाजवादको व्यवहारिक कार्यान्वयनले मात्रै देश र जनताको भलो हुने बताएका हुन्। गोष्ठीलाई सम्बोधन गर्दै नेका महासमिति सदस्य जलकुमार गुरुङ्गले नेता र कार्यकर्ताको संयुक्त विचार, व्यवहार, इमान्दारिता र परिश्रमले मात्र पार्टी बलियो हुने धारणा राखे।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँई, महासमिति सदस्य राधा सुब्बा, सदस्यहरु ओमकृष्ण विमली, युवराज प्रसाई, रश्मिशेखर सुवेदी, इन्द्रजीत चौधरी, नगर कोषाध्यक्ष पार्वता विमली, रवीन्द्र भट्टराई लगायतले मन्तब्य राखेका थिए। खगेन्द्र प्रसाईले स्वागत एवम् कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन राजेश नेपालले गरेका थिए।

यसैगरी नेपाल महिला संघ झापाले विपी स्मृति दिवसको अवसर पारेर विर्तामोडस्थित बृद्धआश्रमका बृद्धबृद्धालाई फलफूल वितरण गरेको छ। नेपाल महिला संघ झापाका अध्यक्ष टीकादेवी मैनालीको नेतृत्वमा परोपकार तथा अनुसन्धान केन्द्रमा पुगेको टोलीले त्यहाँ आश्रित बृद्धबृद्धालाई फलफूल वितरण गरेको हो। मैनालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा परोपकार तथा अनुसन्धान केन्द्रका संरक्षक नर्वदा श्रेष्ठ, ईश्वर निरौला, नेपाल महिला संघ -२ नम्बर क्षेत्रीय सभापति मनु विश्वकर्मा, विर्तामोड नगर अध्यक्ष कृष्णमाया रिजाल लगायतले मन्तब्य रोखेको कार्यक्रमको सञ्चालन उर्मिला पोखरेलले गरेकी थिइन्।

नेपाली कांग्रेस विर्तामोड -२ नम्बर वडा समितिले 'वीपीको विचार' विषयक विचार गोष्ठी सम्पन्न गरेको छ। नेपाली कांग्रेस झापाका सदस्य ओमकृष्ण विमलीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जिल्ला सदस्यहरु धर्म लक्सम्बा, देवी गिरी, नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, रामलाल उप्रेती लगायतले वीपीको प्रजातान्त्रिक समाजवादी विचार र सिद्धान्त अहिले पनि उत्तिकै सान्दर्भिक भएको बताउँदै यसको पूर्ण कार्यान्वयन जरुरी रहेको औंल्याएका थिए। कार्यक्रम देवीप्रसाद खरेलको सभापतित्व र रुपनारायण ढकालको सञ्चालनमा सम्पन्न भएको थियो।

यसैगरी नेपाली कांग्रेस बुद्धशान्ति गाउँ समिति र नेपाल तरुण दल बुद्धशान्ति गाउँ समितिको संयुक्त आयोजनामा पार्टी कार्यालय परिसरमा विभिन्न जातका विरुवा रोपी विपी स्मृति दिवस मनाइएको छ। क्षेत्रीय सभापति खगेन्द्र मैनालीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कांग्रेस नेता-कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो।

विपी स्मृति दिवसको अवसर पारेर मेचीनगर-६ स्थित पूर्णकदको शालिकमा माल्यार्पण गरिएको छ। कोशी प्रदेश सांसद गोपाल तामाङ, जिल्ला प्रतिनिधि रामप्रसाद दुलाल लगायतको उपस्थितिमा शालिकमा माल्यार्पण गरी विचार गोष्ठी सम्पन्न गरिएको हो।

यसैगरी झापा गाउँपालिका वडा नं-७ मा विचार गोष्ठी सम्पन्न भएको छ। नेपाली कांग्रेस झापाका सदस्य शिवकुमार कँडेलको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो। नेपाली कांग्रेस हल्दिबारीले पालिकाका पाँचवटै वडामा रहेका प्रजातन्त्रवादी योद्धाहरुलाई सम्मान गरेको गाउँ सभापति गंगाप्रसाद प्रसाईले जानकारी दिए।

यसैगरी नेपाली कांग्रेस दमक -८ नं वडा समितिले जेष्ठ नागरिक सम्मान एवम् विचार गोष्ठी सम्पन्न भएको छ। स्थानीय बेणुप्रसाद चुडाललाई दोसल्ला ओढाएर सम्मान गरिएको कार्यक्रममा जेष्ठ नागरिकलाई फलफूलका विरुवा हस्तान्तरण गरिएको थियो। वडा सभापति चन्द्र खत्रीको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य महेन्द्राकुमारी सुब्बा, ढुण्डिराज भण्डारी, रवि केसी, तेजबहादुर धिमाल लगायतले मन्तब्य राखेका थिए। कार्यक्रममा प्रेमचन्द्र भण्डारीले स्वागत गरेका थिए। शिवसताक्षी नगरपालिका वडा नं-८ ले विचार गोष्ठी सम्पन्न गरेको छ। पर्शुराम ढुङ्गानाको प्रमुख आतिथ्य र गोपाल कुँवरको सभापतित्वमा सम्पन्न कार्यक्रममा वडाध्यक्ष सन्त फेवदिन लगायतले मन्तब्य राखेका थिए।

## १६५७ ...

सङ्क्रमण रोकथामका लागि कामहरू भइरहेको बताइन्।

पालिकास्तरबाट अभियानहरू चलाई रहेकोले त्यसलाई जन स्तरमा पुऱ्याउने उनको प्रतिबद्धता छ। डेँगु नियन्त्रण अभियानमा लाग्न उनले सबै जनप्रतिनिधि, कर्मचारी तथा नागरिक पनि सचेत भएर लाग्नु पर्नेमा जोड दिइन्।

ग्रामथान गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद भट्टराईले यो अभियान एउटा घरबाट मात्र नभई समुदाय, समाज, वडा, पालिका सबै एक भएर लाग्नु पर्ने बताए। यसमा नागरिक तहको सहयोग महत्वपूर्ण हुने भट्टराईको भनाइ छ। सहारा नेपालको सहयोगमा जहदा गाउँपालिकामा समेत यस्तै कार्यक्रमको आयोजना गरिएको थियो।

## बङ्गलादेशबाट ...

जारी निषेधाज्ञाका कारण स्वदेश फर्किन नसकिरहेको उनका बुबा जयधर्म पोखरेलले बताए। धेरै नेपाली विद्यार्थी होस्टेलबाट सडकमा निस्कने अवस्था छैन- छोरालाई उद्धृद गर्दै उनले भने - ढाकास्थित नेपाली दूतावासले सुरक्षा र प्रहरीको निगरानीमा एयरपोर्टसम्म पुऱ्याउने व्यवस्था गरिदिए धेरै विद्यार्थी घर फर्किने थिए।

बङ्गलादेशमा इन्टरनेट सेवा बन्द गरिँदा 'वाट्स एप', 'मेसेन्जर' लगायत समाजिक सञ्जालका साथै मोबाइल एप्लिकेसनबाट सम्पर्क स्थापित गर्न नसकिएको अभिभावक पोखरेलले जानकारी दिए। टेलिफोन सम्पर्कमा समेत नेटवर्कको समस्या देखिने गरेको उनले बताए। बङ्गलादेशमा रहेका नेपाली विद्यार्थीलाई ढाकाबाट हवाईमार्ग हुँदै सिधै काठमाडौं अवतरण हुने र पूर्वीनाका काँकरभिट्टा हुँदै स्थलमार्गबाट नेपाल आउने दुई सजिला विकल्प रहेका छन्। यसै क्रममा आइतवार ५७ जना नेपाली विद्यार्थी काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन्। ती विद्याथीहरु बङ्गलादेशको सवार क्षेत्रको इनाम मेडिकल कलेजलगायत स्थानबाट स्वदेश फर्किएका परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृत राईले जानकारी दिए।

यहाँ आइपुगेका ती विद्यार्थीलाई परराष्ट्र मन्त्रालयका अधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए। परराष्ट्र मन्त्रालयले स्वदेश फर्कन चाहने विद्यार्थीको सहजीकरण गरिरहेको छ। मन्त्रालयले बङ्गलादेशको राजधानी ढाकास्थित नेपाली दूतावासका अधिकारीहरुलाई नेपाली विद्यार्थीको सुरक्षित वातावरण तथा नेपाल फर्कन चाहनेका लागि आवश्यक समन्वय गर्न निर्देशन दिएको छ। परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बङ्गलादेशमा विकसित पछिल्लो घटनाक्रमका कारण समस्यामा परेका नेपाली विद्यार्थीको सहयोगका लागि मन्त्रालयमा 'हेल्प डेस्क' स्थापना गर्न लगाउनाका साथै ढाकास्थित नेपाली दूतावाससँग आवश्यक समन्वय गर्न निर्देशन दिएकी छन्। परराष्ट्रमन्त्री डा. राणा आफैँले ढाकास्थित नेपाली राजदूतावाससँग निरन्तर सम्पर्कमा रही त्यहाँ रहेका नेपाली विद्यार्थी एवम् अन्य नेपाली नागरिक कुनै समस्यामा परेका भए उनीहरुलाई सहजताका लागि समन्वय गर्न निर्देशन दिइन्। साथै नेपाल आउन चाहनेहरुका लागि पनि आवश्यक वातावरण मिलाउन पनि उनले निर्देशन दिइन्। परराष्ट्र मन्त्रालयले सूचना जारी गरी त्यहाँ रहेका विद्यार्थीको सहजताका लागि आवश्यक सम्पर्क व्यक्तिसहित हेल्प डेस्कको व्यवस्था गरिएको जनाएको थियो। मन्त्रालयले समस्यामा परेका विद्यार्थी तथा अभिभावक एवम् आफन्तका लागि आवश्यक जानकारी, सहयोग र सहजीकरणका लागि इमेल वा फोन नम्बरमा सम्पर्क गर्न एवम् अनलाइन फाराम भर्न अनुरोध गरेको छ। यस प्रयोजनका लागि नेपाली राजदूतावास ढाकामा द्वितीय सचिव योजना बम्जन र रिया क्षेत्री तथा सिंहदरबारस्थित मन्त्रालयमा शाखा अधिकृत महेश्वरमणि त्रिपाठीलाई सम्पर्क गर्न अनुरोध गरिएको छ। उता दूतावासले पनि विज्ञप्ति जारी गर्दै अत्यावश्यकबाहेक बाहिर ननिस्कन विद्यार्थीलाई सूचित गर्दै आवश्यक सहयोगका लागि दूतावासमा सम्पर्क गर्न भनिएको छ।

सरकारी सेवा प्रवेशमा निर्धारित आरक्षणको विरोधमा भएको आन्दोलनका कारण शनिबारसम्म करिब आठ सय नेपाली विद्यार्थी नेपाल आइसकेका मन्त्रालयले जनाएको थियो।

## प्रधानमन्त्रीलाई ...

भएको उल्लेख गर्दै दायर गरिएको रिट निवेदन संवैधानिक इजलासमा पठाउने आदेश गरेको छ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले आइतवार रिट निवेदनमा उठाइएको विषयवस्तु गम्भीर संवैधानिक व्याख्याको प्रश्न भएकाले उक्त विवाद संवैधानिक इजलासले सुनुवाइ गर्न उपयुक्त हुने ठहर गरेको हो। आदेशमा भनिएको छ, -प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तु गम्भीर संवैधानिक व्याख्याको प्रश्न सन्निहित रहेकाले सोको निरुपण संवैधानिक इजलासबाट हुनुपर्ने प्रकृतिको देखिँदा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १७ (२) क बमोजिम प्रधानन्यायाधीशसमक्ष पेस गर्नु।संवैधानिक इजलासमा प्रधानन्यायाधीश सहित पाँच न्यायाधीश रहने व्यवस्था छ।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्रीमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई गरेको नियुक्ति संविधानविपरीत भएको उल्लेख गर्दै गत असार ३१ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो।

## शनिश्चरे .....

व्यवस्थापन समितिका अध्यक्ष हेमराज खरेलले भने - विद्यार्थीका लागि आवश्यक भवन, लाईब्रेरी र समयमानै अध्यापन गराउन प्राध्यापकहरुसँग छलफल गर्दै आएका छौं। उनका अनुसार सबै व्यवस्थित हुँदै जाँदा विद्यार्थीहरुको चाप पनि बढ्दै गएको हो।

जातिगत हिसाबले क्याम्पसमा अध्ययन गर्नेहरु मध्ये आदिवासी जनजाति विद्यार्थीहरुको संख्या धेरै रहेको छ। क्याम्पसको तथ्याङ्कलाई हेर्ने हो भने आदिवासी जनजाति १४४, दलित ३५, मधेसी १ र अन्य ४७७ जना रहेको देखिन्छ। क्याम्पसले बाहिरबाट आउने र नगरमै घर भएकाहरुलाई समान रुपमा छात्रवृद्धि पनि प्रदान गरेको तथ्याङ्कमा उल्लेख छ। क्याम्पसमा २६ जना अनुभवी प्राध्यापकहरु छन्। क्याम्पसमा बेलाबेलामा गरिने कार्यक्रमहरु उपयोगी र प्रभावकारी भएको प्राध्यापक कृष्ण थापाले जानकारी दिए। विद्यार्थीको मार्कालाई सहज हल गर्न स्वतन्त्र विद्यार्थी युनियनको भूमिका प्रभावकारी नै रहेको विद्यार्थीहरु बताउँछन्। प्राध्यापक थापा भन्छन्,-अरु क्याम्पसमा राजनीतिक चहलपहल भएर बिग्रेको इतिहास छ तर शनिश्चरे क्याम्पसमा त्यस्तो पाइँदैन। त्यसैले हिजोभन्दा आज अझ विकशित र फराकिलो हुँदै आएको छ। स्थानीय सरकारको नजरमा क्याम्पस उत्कृष्ठ भएकै कारण सरसहयोग नगर र वडाबाट पनि जुट्दै आएको व्यवस्थापन समितिका सदस्य लभकुश गिरीले जानकारी दिए। शनिश्चरे बहुमुखी क्याम्पसमा व्यवस्थापन संकाय, शिक्षा संकायमा अध्यापन हुँदै आएको छ।

क्याम्पसका सञ्चालक समिति सदस्य दीपिन राईका अनुसार पछिल्लो पटक क्याम्पसलाई पूर्वकै शैक्षिक प्रतिष्ठान बनाउनका लागि हरेक कुरामा चुस्त दुरुस्त र पारदर्शी बनाउँदै लगिएको हुँदा स्थानीयभन्दा बाहिरी जिल्लाको विद्यार्थी संख्या बढ्दै गएको छ।


## राहदानी हरायो

झापाको चारआलीबाट बिर्तामोड जाने क्रममा यही मिति २०८१।०२।२० गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम** :- उपासना राई
**ठेगाना** :- सूर्योदय नगरपालिका – १३, इलाम
**राहदानी नं.**: - PA1694913
**सम्पर्क नं.** : ९८४४६३४७००

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मदन बहादुर राईको नातीनी, मनबहादुर राईको छोरी कोशी प्रदेश (१ नं प्रदेश) इलाम जिल्ला इलाम नगरपालिका वडा नं.०३ बस्ने कृष्णमाया राईनी भनिने कृष्ण माया राईले यस इलाम शाखामा खाता नं.२१११५२४०३००७९३ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०।११।२५ मा निज खातावाला कृष्ण माया राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने मनकुमार राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक कृष्ण माया राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनु होला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

इलाम शाखा, इलाम
फोन नम्बर: ०२७-५२१७२४
फ्याक्स:-०२७-५२१७३१

## कर्मचारी आवश्यकता

यस **अनन्त परोपकार बचत तथा ऋण सहकारी संस्था लि.** को २०८१ साल आषाढ महिनाको १५ गतेको संस्थाको ८७ औं वैठकको निर्णय अनुसार झापा जिल्लाको विर्तामोड नगरपालिका भरी कार्य क्षेत्र भई विर्तामोड ४, १ कि.मि. केन्द्रिय कार्यालय र विर्तामोड -३ विर्ताबजार तथा विर्तामोड -५ सेवा केन्द्रका लागि केही कर्मचारी आवश्यक रहेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ।

पद : बजार प्रतिनिधि
शैक्षिक योग्यता : एस.ई.ई. वा सो सरह
अन्य योग्यता : साइकल चलाउन जान्ने र सहकारी क्षेत्रमा अनुभव भएकालाई प्राथमिकता दिइने छ।
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
विशेष ग्राह्यता : विवाहित महिलालाई विशेष ग्राह्यता दिइने छ।
नियुक्ति : करार
दरखास्त दिने अन्तिम मिति : श्रावण २० गते २०८१ सम्म
सेवा सुविधा : संस्थाको नियमानुसार
आवश्यक कागजातहरु : हस्त लिखित निवेदन, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि र तालिम तथा अनुभवका प्रमाण पत्र भए सो का प्रतिलिपि र अन्य केही भए सो का समेत प्रतिलिपि
परीक्षाको किसिम : लिखित तथा मौखिक
सम्पर्कका लागि : ०२३-५३५१०४

पदपूर्ति उपसमिति

## तपाईको युरोप जाने सपना हामी पूरा गर्नेछौं।

## रोमानीयामा रोजगारी

1. Company : Project -70/24

Pre Approval Date: 2079/11/17 | चलानी नं.: ६०१९८१६६ | LOT No. 281582 | Re Approval Date: 2081/04/03

| सि.नं. | कामदारको पद | माग सख्या पुरुष | माग सख्या महिला | मासिक तलब EURO | मासिक तलब नेरु | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 30 | 0 | 1200 Euro | १,७५,९८०/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |
| 2. | Truck Driver | 30 | 0 | 1200 Euro | १,७५,९८०/- | | | | | | | |
| 3. | Food Delivery | 200 | 0 | 750 Euro | १,०९,९८८/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 4. | Welder/Mason | 30 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 5. | Pipefitter/Plumber | 25 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 6. | Electrician/Steelfixer | 40 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 7. | Gypsum/Concrete Worker | 30 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 8. | Cleaner/Hotel Maids | 25 | 20 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 9. | Shuttering Carpenter | 10 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |

फाइनल अन्तर्वार्ता यहि मिति २०८१ साउन १० गते बिहिवार सी.पी होटल बिर्तामोड झापामा हुनेछ।

1. INTERNATIONAL WORK FINDER

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 2 | 2 | 550 | ७३,३९५ | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | 650 | ८६,६५० | | | | | | | | |
| 3. | Cook Helper | 10 | 0 | 550 | ७३,३९५ | | | | | | | | |
| 4. | Factory Helper | 26 | 0 | 550 | ७३,३९५ | | | | | | | | |
| 5. | Gardener | 2 | 0 | 550 | ७३,३९५ | | | | | | | | |
| 6. | General Worker | 25 | 9 | 550 | ७३,३९५ | | | | | | | | |

फाइनल अन्तर्वार्ता यहि मिति २०८१ साउन १४ गते सोमवार सी.पी होटल बिर्तामोड झापामा हुनेछ।

AMCON OVERSEAS PVT. LTD
श्रम इजाजत नं. ६८४/०६३/०६४
सम्पर्क : ०२३५३५०७४/५३५०७२/५३०१०६
फोन : ९८५२६९१९९९, ९८५२६७४८०९, ९८१६०१५४८८, ९८०७९६३७९५, ९८१६०१६२०९, ९८५२६७४८१०, ९८१६०१६२०९
Email : pangdhakgroup@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२५९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# जनताका आशाका केन्द्र अर्थमन्त्री

मुलुकका सबभन्दा ठूला दुई दलहरू नेपाली कांग्रेस र नेकपा एमालेको सहकार्यमा अन्य साना दलहरू पनि सामेल गरेर एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकारमा अर्थमन्त्रीको रूपमा एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलको नियुक्ति भएपछि अर्थ जगतमा आशाको सञ्चार भएको छ । अर्थमन्त्रीले सम्बोधन गर्नुपर्ने मुद्दा र विषय एउटा होइन अनेक छन् । वितरणकारी र सस्तो लोकप्रियतावादी अर्थनीतिले मुलुकलाई कमजोर बनाएको छ । लगानीको क्षेत्रमा देखिएको निराशाजनक अवस्थामा सुधार ल्याउन अर्थमन्त्री पौडेलको सकारात्मक भूमिका रहने र सर्वसाधारणदेखि पूँजीपतिसम्म उनकै कदमको प्रतीक्षामा छन् । अर्थतन्त्रका बाह्य सूचक सकारात्मक भएर मात्रै अर्थतन्त्र सबल हुन्न । अर्थतन्त्र चलायमान नभएको मात्रै होइन, शिथिलै छ । यस्तो बेला अर्थ मन्त्रालयको बागडोर सम्हालेका पौडेलका सामु चुनौतिका चाङ छन् औपचारिक रूपमा व्यवस्थापन वा अर्थशास्त्रको अध्ययन नगरेका तर जीवनका उकाली ओराली, दुःख–सुखबाट अर्थशास्त्र बुझेका अर्थमन्त्री पौडेल चुनौतिका चाङमा भासिने छैनन् ।

अनुभवी अर्थमन्त्रीसँग पूँजी बजारका लगानीकर्ताको अप्रितम् आशा छ । शेयर बजारमा सकारात्मक बदलाव देखा पर्न शुरु भइसकेको छ । बजारले उनको स्वागत गरिसक्यो, तर त्यो कतिको टिकाउ हुन्छ भन्ने चाहिँ पौडेलले आउँदा दिनमा लिने नीति र गर्ने व्यवहारमा निर्भर हुन्छ । पौडेल आजसम्म आठ पटक मन्त्री हुँदा पाँच पटक त अर्थ मन्त्रालयको सारथी भएका छन् । तसर्थ, अब अरू मन्त्री जसरी अध्ययन गर्दैछु, बुझ्दैछु भनेर टार्ने काम उनीबाट हुने छैन । अर्थमन्त्रीको आफ्नै मात्रै नभई प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्व सरकारको मूल कार्यभार नै अर्थतन्त्रलाई उकास्ने र व्याप्त निराशालाई चिर्ने हुनुपर्छ । यसर्थ अर्थमन्त्रीमाथि ठूलो कार्यभार छ । बितेको आर्थिक वर्ष सरकारलाई कर राजश्व र गैरकर राजश्वबाट १० खर्ब ५८ अर्ब रुपैयाँ आम्दानी भएको छ । यो आवको बजेट भने १७ खर्बमाथिको छ र राजश्व लक्ष्य गत आवमा उठेभन्दा धेरै । ऋणमा आश्रित छ बजेट । यसै पनि मुलुकको पूँजीगत खर्चको स्थिति कमजोर होइन टिठलाग्दो छ । तर, सरकार निर्माण व्यवसायीलाई भने गरेकै कामको पनि भुक्तानी गर्न असमर्थ छ । ५० अर्ब रुपैयाँ नपाएर व्यवसायी आन्दोलित छन् । बैंक तथा वित्तीय संस्थाहरूमा पूँजीको थुप्रो लागेको छ । ऋण प्रवाह भएको छैन । बैंकहरूको प्रतिफल कमजोर भएको छ । खराब कर्जा चाहिँ उकासिएको छ ।

उनको सफलता निजी क्षेत्रलाई कति विश्वासमा लिन सक्छन् भन्ने अहम् प्रश्नमा निहित छ । व्यावसायिक र उद्यमको वातावरण कमजोर छ, त्यसैले पनि अर्थतन्त्र चलायमान नभएको हो, शिथिल भएको हो । अर्थतन्त्रलाई उकास्ने सबैभन्दा पहिलो कार्यभार हो उनको । त्यसपछि नै मुलुकमा आश गरिएको राजनीति स्थिरतालाई त्यसले पुट दिन सक्छ र सरकार सफल पनि हुन्छ उनकै कारण । जनताले अर्थमन्त्री पौडेलबाट मुलुकको अर्थतन्त्रमा आमूल परिवर्तन होइन, केही न केही सकारात्मक बदलावको आशा गरेका छन् । अर्थमन्त्री पौडेलको अनुभवी, परिपक्व र सुझबुझसहितको निर्णय र तिनको सफल कार्यान्वयनबाट मुलुकले अर्थतन्त्रमा थोरै भए पनि सुधार गर्न सक्छ । अर्थमन्त्री पौडेल नेपालको खस्केको अर्थव्यवस्थालाई ठीक बाटोमा ल्याएर जनताको निराशालाई चिर्न सफल हुनेमा आशावादी बनौं ।

**सन्दर्भ : ४६औं पुष्पलाल स्मृति दिवस**

# पुष्पलाल श्रेष्ठ नेपाली राजनीतिका शिखर पुरुष



तीर्थराज खरेल



आज साउन ७ गते ४६औं पुष्पलाल स्मृति दिवस। पुष्पलाल श्रेष्ठ नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता। उनी नेपालको प्रजातान्त्रिक आन्दोलनका मुख्य हस्ती हुन्। नेपाली राजनीति र विशेषगरी वाम राजनीति उनकै विचारबाट आजपर्यन्त अनुप्राणित छ। उनी नेपालको समग्र वाम आन्दोलनको आदर्श बनेका छन्। नेकपा पुष्पलालको मथिङ्गलको उपज थियो। २००६ सालमा भारतको कोलकातामा कम्युनिष्ट पार्टीको स्थापना गर्दा समुन्नत राष्ट्र निर्माण गर्ने र नेपाली जनताको मुक्तिको अभिभारा पूरा गर्ने लक्ष्य पुष्पलालले लिएका थिए। उनी नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव थिए। पुष्पलालको जन्म भक्तलाल र तुलसीकुमारीको माइला छोराका रूपमा भएको थियो। पुष्पलालका एक दाजु गङ्गालाल, तीन भाइ गौरीलाल, देवीलाल, विजयलाल श्रेष्ठ एवम् बहिनी पुष्पलता हुन्।

१९९७ सालमा आफ्ना दाजु शहीद गंगालाल श्रेष्ठलाई गोली ठोकी मार्नु ठीक एक दिनअघि भद्रगोल जेलमा सपरिवार भेट्न जाँदा गङ्गालालले पुष्पलाललाई 'माइला, मैले प्रजातन्त्रका निमित्त बालेको दियोलाई तैँले प्रज्वलित पार्नेछस्' -भनेका थिए र दाजुको यही शब्द नै पुष्पलालको निम्ति राजनीतिमा प्रवेश गर्ने प्रेरणाको स्रोत बनेको भनाइ छ। वि.सं. १९८१ असार १५ मा पूर्व २ नं. रामेछापमा जन्मिएका श्रेष्ठ वैचारिक रुपले सशक्त र प्रेरणादायी नेताका रुपमा परिचित छन्। श्रेष्ठले नेपालको परिवर्तनका लागि प्रस्ताव गरेको कृषिक्रान्तिको आवश्यकता अझै पनि उत्तिकै महत्वपूर्ण रहेको छ। उनको नेपालको वामपन्थी तथा प्रजातान्त्रिक आन्दोलनमा ठूलो भूमिका रहेको छ। पुष्पलाल लगायतका संस्थापक नेताहरुले जन्माएको कम्युनिस्ट पार्टीभित्रै फुट र विभाजन यति धेरै भएका छन्। जसको अन्दाज सायद पुष्पलालले पार्टी स्थापना गर्दा गरेका थिएनन्। यो फुटको श्रृङ्खला पार्टी स्थापना भएको ११ वर्षपछि शुरु भएको थियो र जारी छन् टुटफुट, अनि एकता र फेरि विभाजन।

'कम्युनिस्ट मेनिफेस्टो' (कम्युनिस्ट घोषणापत्र)को पहिलो नेपाली रूपान्तरण गर्ने श्रेय पनि पुष्पलाललाई नै जान्छ। उक्त रूपान्तरित प्रतिको भूमिकामा 'केही कुरा' शीर्षक दिएर लेखिएको थियो- 'विश्व मजदुर आन्दोलनलाई सही बाटो देखाउने शक्ति र साहस प्रदान गर्ने यस घोषणापत्रलाई नेपाली भाषामा प्रकाशित गरी नेपाली मजदुर वर्गको आन्दोलनलाई सही बाटो लैजान अत्यन्त आवश्यक भएको हुनाले मैले यस घोषणापत्रलाई यथासक्य परिश्रम गरी नेपाली भाषामा उल्था गरी नेपालको सम्मान राखेको छु।' यो मार्क्सवादी चेतना र साहित्यको थालनी थियो। पुष्पलाल राजनीतिज्ञ मात्र थिएनन् अपितु इतिहास, समाजशास्त्र, मानवशास्त्रले ओतप्रोत भएका लेखहरू लेख्न सक्ने एक अध्ययनशील लेखक पनि थिए।

राजनीतिमा लाग्ने प्रेरणा चाहिँ उनले दाजु गंगालाल श्रेष्ठबाट पाएका थिए। गंगालाल श्रेष्ठ राजनीतिप्रति आकृष्ट भएकाले साथीहरूसँग उनी देश-विदेशका राजनीतिक घटनाक्रमबारे चर्चा गर्ने गर्थे। एक पटक गंगालालले साथीहरूसँग कुरा गर्दा 'रुसमा ईश्वरको अस्तित्व छैन र त्यहाँ भोकानांगा छैनन्' भनेको सुने। उनले रुसबारे पहिलो पटक दाजुकै मुखबाट सुने। दाजुको कुराले उनमा रुसी समाज तथा राजनीतिबारे कौतुहल जगायो। त्यसपछि उनी राजनीतिबारे चर्चा हुने छलफलमा भाग लिन थाले। यसरी उनी कम्युनिस्ट आन्दोलनप्रति आकर्षित भए।

वि.सं. १९९७ मा राणा शाहीले राजनीतिक स्वतन्त्रता माग गर्ने चारजना युवकको हत्या गरे। हत्या हुनेमा पुष्पलालका दाजु गंगालाल पनि थिए। हत्या हुनुअघि सदर जेलमा राखिएका दाजु गंगालालसँग पुष्पलालले अन्तिम पटक भेट गरे। त्यतिबेला गंगालाल दुई छोराका बाबु र तरुनी श्रीमतीका पति २२ वर्षका लक्का जवान थिए। उनले माफी मागे ज्यान सजाय मिनाह गरी दिने वचन राणा शाहीले दिएको थियो। माफी माग्न उनलाई परिवारका सदस्य लगायतले दबाब पनि दिएका थिए। तर, उनले माफी माग्नुभन्दा शहीद बन्न मञ्जुर गरे। राजनीतिक आस्थाप्रति दाजुको यस्तो चट्टानी दृढताले पुष्पलाललाई राजनीतिप्रति अझ दृढ भएर लाग्न र राणा शाहीको जरो उखेल्न प्रेरित गऱ्यो। शहीद गंगालालको भाइ हुनुले पुष्पलालको राजनीतिक जीवनमा लाभ पुऱ्यायो। गंगालालको भाइ भनी कसैले आफूलाई चिनाउँदा पार्टीका अन्य सदस्य तथा नेताहरूको ध्यान आफूप्रति आकर्षित हुने गरेको र उनीहरूले आफूसँग मन खोलेर कुरा गर्ने गरेको पुष्पलालले उल्लेख गरेका छन्।

पुष्पलाल देशभक्त क्रान्तिकारी थिए, उनी नेपाली स्वाभिमान र स्वतन्त्रताप्रति अति संवेदनशील थिए। अन्तर्राष्ट्रवादमा विश्वास गर्ने कम्युनिस्ट हुँदाहुँदै पनि उनी हरेक कम्युनिस्ट क्रान्तिकारीमा राष्ट्रिय चरित्र हुनुपर्छ भन्ने मान्यता राख्थे। उनले भनेका थिए- 'प्रत्येक देशका क्रान्तिकारीहरू प्रथमतः राष्ट्रमुखी हुनु पर्दछ। त्यसै भएको खण्डमा मात्र पार्टीले आफ्नो राष्ट्रिय कर्तव्य निभाउन सक्नेछ।' भारतको नेपालप्रतिको हेपाहा नीति र नेपालको स्वतन्त्र अस्तित्व नमान्ने प्रवृत्तिको उनी प्रखर आलोचक थिए। समाजको विश्लेषण गर्दा र राजनीतिक कार्यक्रम तय गर्दा साम्प्रदायिकताको गन्ध लेसमात्र पनि आउनु हुँदैन भन्ने उनको स्पष्ट विचार थियो। पुष्पलालले आफू नेवारबाट नेपालीमा परिणत भई मार्क्सवादतिर लागेको व्यक्ति भएकाले जातिवादी र साम्प्रदायिकता बिथोल्ने कुराप्रति घृणा जागेको लेखेका छन्। वर्गीय राजनीति गर्न नसक्नेले साम्प्रदायिक नारा उराल्छ भन्ने उनको विचार थियो।

२००६ साल बैशाख १० गते (१९४९ अप्रिल २२) का दिन भूमिगत तवरले भारतको कोलकातास्थित श्यामबजार टोलस्थित एक घरमा कमरेड पुष्पलालको नेतृत्वमा नरबहादुर कर्माचार्य, नारायणविलाश जोशी, निरन्जनगोविन्द वैद्य र मोतीदेवी श्रेष्ठ (दुर्गादेवी)ले नेपाल कम्युनिस्ट पार्टी स्थापना गरिएको थियो। तत्कालीन सामन्ती-जहाँनिया राणा शासनको दबदबा भएको बखत राजनीतिक गतिविधि गर्न प्रतिबन्ध भएको अवस्थामा सामन्ती सत्तालाई अन्त्य गरी नयाँ जनवादी सत्ता स्थापना गर्ने उद्देश्यका साथ कमरेड पुष्पलालको अदम्य साहस र वैचारिक दृष्टिकोणको प्रकाशमा नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भएको थियो। पार्टी स्थापना लगत्तै प्रकाशित पहिलो पर्चामा मजदुर, किसान र श्रमजीवी जनताको राज्य व्यवस्था स्थापना गर्ने, राणासँग सम्झौता होइन क्रान्ति गर्ने, सामन्ती शासन व्यवस्थाको उन्मूलन गर्दै बेलायती, अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पूँजीवादको शोषण उत्पीडनबाट देशलाई मुक्त बनाउँदै नेपालमा नयाँ जनवाद स्थापना गर्ने उद्देश्यले नेपाल कम्युनिष्ट पार्टी स्थापना गरिएको उल्लेख गरिएको थियो।

पार्टी स्थापनाको चार महिनापश्चात २००६ भाद्र ३० तदनुसार १५ सेप्टेम्बर १९४९ मा जारी घोषणापत्रमा विद्यमान सामन्ती व्यवस्था र नेपाल माथिको साम्राज्यवादी शोषणलाई पुरै खत्तम गर्ने, मजदुर वर्गको नेतृत्वमा जनताको जनवादी राज्य स्थापना गर्ने, वालिग मताधिकारको आधारमा संविधान निर्माण गर्ने, सर्वसाधारण जनतालाई विचार, राजनीतिक पार्टी, कार्यक्रम रोज्ने अधिकारसहित पूर्ण स्वतन्त्रता तथा अधिकारको प्रत्याभूति गर्ने र नेपाली जनतालाई आधारभूत आर्थिक अधिकारको ग्यारेन्टी गर्ने प्रतिबद्धता उल्लेख गरिएको थियो। नेपालमा लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता, समानुपातिकता लगायतका राजनीतिक उपलब्धि प्राप्त गर्न नेपाली कम्युनिष्टहरुले ६ दशकभन्दा बढी समयदेखि सञ्चालन गरेको सामन्तवाद विरोधी राजनीतिक आन्दोलनले सफलता मिलेको हो। कम्युनिस्ट आन्दोलनको थालनीसँगै नेपाली समाजमा विकास भएको मार्क्सवादी चेतनाको लहरले जनसमुदायमा सामाजिक परिवर्तनप्रतिको चासो र सरोकार बढेर गएको छ। लाखौंलाख जनसमुदायहरु कम्युनिस्ट पार्टी र जनसङ्गठनमा सङ्गठित भएका छन्। हाल नेपालमा झण्डै दुईतिहाइ जनमत वामपन्थी शक्तिप्रति आकर्षित भएको छ। यी महत्त्वपूर्ण उपलब्धि हुन् र यी सबै उपलब्धिका पछि मुख्य हात पुष्पलालका विचारहरूको रहेको छ।


राजा महेन्द्रबाट २०१७ साल पुस १ गते बहुदलीय व्यवस्थाको अपहरण गरिएपछि भूमिगत र निर्वासित जीवन बिताउन बाध्य पुष्पलालले चारैतिर छरिएका कम्युनिस्टहरूलाई भेला गराई तेस्रो महाधिवेशन गरे। नेपाली कांग्रेस र कम्युनिस्टहरू मिलेर संघर्ष गरेमा मात्र नेपालबाट निरङ्कुश पञ्चायती व्यवस्था समाप्त हुन सक्छ भनी २०२५ सालमै भविष्यवाणी गर्ने नेता पुष्पलालको विश्लेषण अन्त्यमा सही सावित भयो। उनी आन्दोलनकारी शक्तिहरूलाई राजतन्त्रबिरुद्ध गोलबन्द गर्न चाहन्थे र यसका लागि मूलतः नेपालको वामशक्ति तथा प्रजातान्त्रिक शक्तिबीच कार्यगत एकता हुनुपर्छ भन्ने मान्यता राख्थे।

यस्तो प्रस्ताव राख्दा उनलाई 'गद्दार पुष्पलाल' भनी कम्युनिस्टबाटै आरोप पनि लाग्यो। उनी संयुक्त जनआन्दोलनको आवश्यकता र औचित्य पुष्टि गर्न अहोरात्र लागे। तर, कम्युनिष्टका कट्टर अन्धविरोधी बीपीले पुष्पलालको प्रस्ताव स्वीकारेन्। वाम र प्रजातान्त्रिक शक्तिलाई एकअर्काबिरुद्ध प्रयोग गरेर पञ्चायती व्यवस्थाको आयु लम्ब्याउने मौका राजदरबारले पायो। वीपीको मृत्युपछि मात्र नेकाका सर्वमान्य नेता गणेशमान सिंह नेकपा मालेका महासचिव मदन भण्डारीको परिपक्व र सुझबुझपूर्ण निर्णयले यी दुई शक्तिबीच कार्यगत एकता भयो र यसले नेपालमा प्रजातन्त्र पुनःस्थापनालाई सम्भव तुल्यायो। अन्ततः समयले पुष्पलालको मान्यतालाई सही साबित गरिदियो। कम्युनिस्टसँग सहकार्य नगर्ने बीपीको हठ अव्यावहारिक ठहरियो।

भारतको बनारसमा निर्वासनमा रहँदा पुष्पलालले धेरै दुःख व्यहोर्नुपऱ्यो। २०३५ साल साउन ७ गते भारतको नयाँ दिल्लीमा उनले उपचारकै क्रममा भौतिक रूपमा बिदा लिए। उनी हामीवीच छैनन्, तथापि उनको विचार र दर्शन मुलुक र जनताकै निधि र धरोहरको रूपमा चिरकालसम्म रहिरहनेछ। देश र जनताप्रति समर्पित, बहुदलीय लोकतन्त्रप्रति बफादार, सिद्धान्तनिष्ठ, अनुशासित र सङ्घर्षशील व्यक्तित्व पुष्पलालबाट कोरिएको मार्गचित्रबाट नयाँ नेपाल निर्माण गर्नेतर्फ अग्रसर हुन नेपालका कम्युनिस्टहरूलाई प्रेरणा मिल्छ भन्ने विश्वास गर्न सकिन्छ। शारीरिक रूपमा पुष्पलाल लेनिन जस्तै होचा कदका तर विचार र कार्यक्षमताका दृष्टिबाट बडो अग्ला व्यक्तित्व थिए। पुष्पलाल सदा साम्यवादी विचारप्रति प्रतिबद्ध नेपाली राजनीतिका शिखर व्यक्तित्व हुन्।

*tirthakharel2028@gmail.com*

# वर्षामा फैलिने हैजाबाट कसरी जोगिने ?




हैजा खासगरी भिब्रियो कलेरा ब्याक्टेरियाबाट हुने रोग हो। दूषित पानीको प्रयोगले यो रोग लाग्ने गर्छ। यो वर्षायामको सिजन र गर्मी सिजनमा हैजा बढी देखिने गर्छ। एक ठाउँबाट सक्रंमण भएका व्यक्ति अन्य ठाउँमा गएर सुरक्षित ठाउँमा दिसा-पिसाब गर्दा पनि कीटाणु सर्ने सम्भावना हुन्छ। यसरी हैजा फैलन सक्छ। यो संक्रामक रोग भिब्रियो कलेरा विशेषगरी खानेकुराबाट लाग्ने या खाएर हुने रोग हो। हात सफा नगरी खाना खाइयो, पर्सनल हाइजिनमा ध्यान दिइएन भने हातको माध्यमबाट शरीरमा कीटाणु प्रवेश गर्छन्। मुख्य रूपमा हातको माध्यमबाट शरीरमा प्रवेश गर्छन् भने खानेकुरामा फोहोरमैला, झिँगा परेको खानेकुरा खायो भने हैजा हुने गर्छ।

**हैजाका लक्षणहरु**

हैजा हुँदा ग्याष्ट्रोएन्टेराइटिस हुने गर्छ। यसले गर्दा बान्ता हुने, लुज मोसन हुने, लुज मोसन हुँदा चौलानी पानी जस्तो पखाला हुने गर्छ, तर पेट दुख्दैन। एक दिनमा धेरै पटक बान्ता हुने र पखाला लाग्ने गर्छ। यसको समयमै नियन्त्रण गर्न सकिएन भने जलबियोजन हुन्छ। जलबियोजन भयो भने अन्य अंगमा समेत असर हुन्छ।

**अर्को व्यक्तिमा सर्ने माध्यम**

संक्रमित व्यक्तिको दिसा-पिसाब व्यवस्थापन गर्न सकिएन भने अर्को व्यक्तिमा सर्ने गर्छ। संक्रमित व्यक्तिको दिसा पिसाब जथाभाबी फाल्नु हुँदैन। हामीले खानेपानी सुरक्षित छ/छैन जाँचेर मात्र पिउनुपर्छ। जारको पानी, बोतलको पानी सफा छ भने मात्र खानुपर्छ। घरमा पनि पानी उमालेर मात्र पिउने गर्नाले अरु जीवाणु पनि नष्ट हुने गर्छन्। हामीले खानेपानीको साथसाथै पर्सनल हाइजिनमा विशेष ध्यान दिनुपर्छ। खाना खानुभन्दा अघि राम्रोसँग हात धुने र दिसा-पिसाब गरिसकेपछि साबुन पानीले राम्ररी हात सफा गरेमा हातको माध्यमबाट सर्ने कीटाणु सर्न पाउँदैनन्। जसले गर्दा संक्रमणको जोखिम कम हुन्छ। जारको पानी पनि उमालेर मात्रै पिउनुपर्छ।

**हैजाको उपचार**

हैजाको लक्षण कसैलाई जटिल र सामान्य देखा पर्छ। पखाला हुदाँ कति पटक दिसा भयो। कति पटक वान्ता भयो, कस्तो औषधि प्रयोग गरिरहेको छ भनेर हस्पिटल गइहाल्नु पर्छ। हैजा हुनुको कारण के हो खाना खाएर भएको हो कि ? दूषित पानीको कारणले भएको हो पत्ता लगाएर मात्र उपचार गरिने चिकित्सकहरु बताउँछन्।

खान सक्ने व्यक्तिहरूलाई जीवनजल खान सकिन्छ, यस्तो बेलामा जतिसक्दो पुर्नजलीय झोल खाने, स्वास्थ्य सुधारको लागि अस्पतालमै बस्ने गरियो भने निको हुन्छ। यदि समयमै उपचार गरिएन लामो समय जलबियोजनको अवस्था आयो भने किड्नी ड्यामेज हुने, किड्नीले काम गर्न नसक्ने साथै अन्य गम्भीर प्रकारका रोग देखा पर्छन्। सबै अस्पतालमा हैजाको उपचार हुन्छ, कतिपय सरकारी अस्पतालमा निःशुल्क उपचार पनि हुने गरेको छ।

**हैजा हुनै नदिन अपनाउनुहोस् यी उपायहरु**

हैजाको खोप क्षणिक समयको लागि मात्र हो। यसको लागि हामीले सबैभन्दा पहिले पानीको सरसफाई सँगै व्यक्तिगत सरसफाईमा ध्यान दिनुपर्छ। दिसा-पिसाब सुरक्षित ठाउँमा बिर्सजन गर्नुपर्छ। बजारमा पाइने खानेकुरा जथाभाबी खानु भएन, खानेकुरा सुरक्षित छ/छैन विचार गरेर मात्र खानुपर्छ।

सकेसम्म घरमा बनेका खानेकुरा खाने, पानी शुद्ध गरेर खाँदा हैजाबाट बच्न सकिन्छ। पखाला भएका मानिसहरुलाई अनेक प्रकारका कोकाकोला, फेन्टा, जुस जस्ता अनेक खानेकुरा खानु हुँदैन। यस्ता खानेकुराले उल्टो असर गर्छन्। पुनर्जलीय झोल बनाएर खाँदा एकदमै राम्रो हुन्छ। साथै भातको माड, जाउलो, दालको रस, ताजा फलफुलको रस खायो भने पखाला कम हुँदै जान्छ।

**घरेलु उपचार**

- पुदिना र कालो मरिच पिसेर आधा चम्चाका दरले तातो पानीमा मिलाई खानाले हैजा निको हुन्छ।
- रोगी बस्ने तथा सुत्ने ठाउँमा लसुन फोकेर राखिदिनाले पनि हैजाका कीटाणु नष्ट हुन्छन्।
- रोगीलाई सौँफ तथा अलैंची खानाले पनि लाभ मिल्दछ।
- पानीमा कपुर मलाई बारम्बार खानाले पनि उपयुक्त हुन्छ।
- रोगीको शरीरमा तेल लगाउनुपर्छ। जसले शीघ्र उल्टी तथा दिसा जान बन्द हुन्छ।
- एक चम्चा सक्खर, आधा चम्चा नुन, आधा चम्चा कागतीको रस पानीसँग मिलाई बारम्बार रोगीलाई खुवाउनुपर्दछ जसले शरीरमा पानीको मात्रा पूरा गर्न मद्दत गर्दछ।
- काँचो आँपलाई पानीमा उमाली प्याजको रस मिलाउनुहोस् र रोगीको हत्केला तथा तालुमा मालिस गरिदिनुहोस्, जसले गर्दा रोगीलाई आराम मिल्दछ।
- जाइफललाई थोरै पानीसँग मिलाई पिसेर निधारमा लेपन गरिदिनुहोस् जसले हैजा ठिक पार्दछ।
- यदि पिसाब कम आइरहेको छ भने आधा कप पानीमा आधा चम्चा खाने सोडा मिलाई खुवाउनुहोस् जसले पिसाब खुलेर आउन मद्दत गर्दछ।

# माईमा साहित्य तथा कला प्रतिष्ठान



**माई, साउन ६।** इलामको माई नगरपालिकामा अग्रज साहित्यकार शिव अधिकारी 'इलामे जेठा'को अध्यक्षतामा १३ सदस्यीय 'माई नगर भाषा साहित्य तथा कला प्रतिष्ठान' गठन भएको छ ।

माई नगरभित्रका साहित्य, संगीत, कला प्रेमीहरूको भेलाले उपाध्यक्षमा हरिप्रसाद पौड्याल, सचिवमा टुकेन्द्र राई 'भुइँ मान्छे' सहसचिवमा अर्जुन दुलाल र कोषाध्यक्षमा अन्जना सेन्चुरीलाई चयन गरेको छ । प्रतिष्ठानको सदस्यहरूमा शान्ता फियाक, होम मिश्र, देउकुमार लिम्बु, ठहरसिं बस्नेत, हरि असिम अधिकारी, अनिल तामाङ र सन्तु मोक्तान चयन भएका छन् ।

माई नगरपालिकामा पहिलो पटक गठित प्रतिष्ठानको सल्लाहाकारमा मित्रप्रसाद गौतम, हरिचरण घिमिरे, खेमराज लिम्बू, कुमार राई, खड्गप्रसाद दुलाल र विमल दहाल रहेका छन् । प्रतिष्ठान गठन कार्यक्रमका प्रमुख अतिथि इलाम चुलाचुली निवासी प्रसिद्ध गजलकार 'विवश' बलिभद्र कोइरालाले सबैको साझा थलोका रुपमा र जीवनपर्यन्त जीवित रहने साहित्य कलालाई अगाडि बढाउन सहभागीहरुलाई आग्रह गरेका थिए । आफ्नो गजल र कविता समेत प्रस्तुत गर्दै प्रमुख अतिथि कोइरालाले माई नगरकै शिर उच्च राख्ने यस प्रतिष्ठानलाई माई नगरपालिकाले आफ्नो सम्पत्तिका रुपमा ग्रहण गर्दै अगाडि बढ्नेमा विश्वास व्यक्त गरे ।

भेलाले माई नगरपालिका साहित्य संगीत कला क्षेत्रमा विकास र विस्तार तथा विभिन्न प्रतिभाहरू लाई समावेश गर्ने, नगरभरिका साहित्यिक कलाप्रेमीहरूको पहिचान गर्ने, माई नगरपालिकासँग संस्थागत सहकार्य र समन्वयमा कार्यक्रम सञ्चालन गर्न प्रस्तावना पेश गर्ने लगायतका निर्णय गरेको छ ।

१९ जना साहित्यकार तथा कलाप्रेमीहरूको सहभागिता रहेको कार्यक्रमको अध्यक्षता अग्रज साहित्यकार शिव अधिकारी 'इलामी जेठा' सञ्चालन टुकेन्द्र राई 'भुइँ मान्छे' र स्वागत कनकाई माविका प्रधानध्यापक हरिप्रसाद पौडेलले गरेका थिए ।

# सडक सञ्चालन गर्न श्रमदान

**भोजपुर, साउन ६।** जिल्लाको टेम्केमैयुङ गाउँपालिका-९ लेखर्कवासीले श्रमदान गरेर अवरुद्ध सडक सञ्चालन गरेका छन् । वर्षाका कारण पाँचधारे-भोजपुर सडकको केही भाग राउतेखोलाले बगाएपछि श्रमदान गरेर सञ्चालनमा ल्याइएको हो ।

वर्षाले बगेको सडक तीन सातासम्म बन्द रहेकाले स्थानीयबासीको सक्रियतामा मर्मत गरेर सञ्चालनमा ल्याइएको वडाध्यक्ष नवराज माङपाहाङले बताए । 'अवरूद्ध सडक मर्मत गरेर सञ्चालनमा ल्याएका छौँ' -उनले भने- 'सडक मर्मतपछि लामो समयबाट बन्द रहेको सडक सञ्चालन भएको छ । खहरे भएकाले पानी आउनासाथ सडकमा ठूलो क्षति हुन्छ । खोलाको कटानका कारण बर्सेनि ठूलो क्षति हुने भएकाले वैकल्पिक बाटो खोज्न आवश्यक छ ।'

राउतेखोलाको शिरमा रहेको रुपाथुम्की आसपासको अर्को सडक पनि पहिराले बगाउँदा आवतजावतमा समस्या भएको उनले जानकारी दिए । करिब ७० जना स्थानीय भेला भएर तत्कालका लागि राउतेखोलाको अवरुद्ध सडक खुलाएको स्थानीयवासी अमृत लुइँटेलले बताए । वडा कार्यालयको अगुवाइमा भइरहेको श्रमदान अभियानमा गाउँले सहभागी भएर सडक मर्मत गरिएको उनले बताए ।

यो सडक भएर छिमेकी जिल्ला खोटाङका नागरिक समेत आवतजावत गर्दै आएका छन् । सडक अवरोध बनेपछि भोजपुरको पश्चिमी क्षेत्रका नागरिकसँगै छिमेकी



जिल्ला खोटाङका नागरिकलाई आवतजावत दैनिक उपभोग्य वस्तुको ढुवानी समस्या हुने गरेको स्थानीयबासी अंजित गुरुङले बताए ।

'हामी पश्चिमी क्षेत्रका नागरिकसँगै छिमेकी जिल्ला खोटाङबासीका निम्ति पनि महत्वपूर्ण सडक हो' -उनले भने- 'सडक अवरोध हुँदा यहाँको दैनिकी निकै कष्टकर हुन्छ । राज्यले यो सडकलाई बिना अवरोध बाह्र महिना सञ्चालनमा ल्याउन पहल गर्न आवश्यक छ ।' स्थानीयको सक्रियतामा मात्र सडक सञ्चालन गर्न निकै कठिन हुने उनी बताउँछन् ।

# १८ करोड ७२ लाख राजश्व सङ्कलन

**फुङलिङ, साउन ६।** ताप्लेजुङमा रु. १८ करोड ७२ लाखभन्दा बढी राजश्व सङ्कलन भएको छ । आर्थिक वर्ष २०८०/०८१ मा रु. १८ करोड ७२ लाख १६ हजार सात सय ९३ राजश्व सङ्कलन भएको हो ।

जिल्ला प्रशासन कार्यालयले आर्थिक वर्षमा गरेको प्रगति समीक्षा अनुसार सङ्घतर्फ ९२ दशमलव शून्य दुई र प्रदेशतर्फ ८५ दशमलव ६४ प्रतिशत प्रगति भएको हो । प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यका अनुसार प्रदेशतर्फको कूल बजेट रु. ६२ करोड ८७ लाख ५३ हजार एक सय आठ रहेको थियो । त्यसमा पूँजीगततर्फ रु. २० करोड ९० लाख दुई हजार र चालूतर्फ रु. ४२ करोड ९७ लाख ५१ हजार रहेको थियो ।

पूँजीगततर्फ ९४ दशमलव २५ र चालूतर्फ ८१ दशमलव २५ प्रतिशत प्रगति भएको आचार्यले बताए । प्रदेश अन्तर्गत डिभिजन वन कार्यालय, जिल्ला अस्पताल, भेटेरिनरी तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, खानेपानी तथा सरसफाइ डिभिजन, जिल्ला आयुर्वेद लगायत कार्यालय रहेका छन् ।

सङ्घतर्फको बजेट रु. चार अर्ब ९९ करोड ६३ लाख २३ हजार रहेको थियो । त्यसमा पूँजीगततर्फ रु. ६० करोड ११ लाख ३० हजार र चालूतर्फ रु. चार अर्ब ३९ करोड ५१ लाख नौ हजार रहेको थियो । पूँजीगततर्फ ७३ दशमलव २० र चालूतर्फ ९४ दशमलव ६० प्रतिशत प्रगति भएको आचार्यले जानकारी दिए ।

# नयाँ ग्यालेक्सी जेड फोल्ड-६ र जेड फ्लिप-६ को प्रि-अर्डर शुरू

**झापा, साउन ६।** सामसङ नेपालले ग्यालेक्सी जेड फोल्ड-६ र जेड फ्लिप-६ को प्रि-अर्डर शुरु गरेको छ ।

कार्यक्रम गरी सामसङ नेपालका प्रबन्ध निर्देशक इनसु किम, निर्देशक प्रणय रत्न स्थापित र मिस नेपाल वर्ल्ड- २०१८ शृङ्खला खतिवडाले नयाँ ग्यालेक्सी जेड फोल्ड-६ र ग्यालेक्सी जेड फ्लिप-६ सिरिज सार्वजनिक गरेका हुन् ।

'फोल्डेबलका लागि सामसङको निरन्तर आविस्कारले नयाँ ग्यालेक्सी जेड फोल्ड-६ र ग्यालेक्सी जेड फ्लिप-६ सँग ग्यालेक्सी एआईको अर्को अध्याय खोलेको छ । फोल्डेबल फोर्म फ्याक्टरलाई एआई-इन्फ्युज्ड कनेक्टेड ग्यालेक्सी इकोसिस्टमसँग मिलाएर, हाम्रा नयाँ स्मार्टफोनहरूले प्रयोगकर्ताहरूलाई एक आकर्षक अनुभव प्रदान गरेर नयाँ सम्भावनाहरू अन्लक गर्न सशक्त बनाउँछ' -सामसङका निर्देशक प्रणय रत्न स्थापितले भने ।



'लन्च' कार्यक्रममा सामसङ नेपालका प्रबन्ध निर्देशक सुङ जुन पार्कले ग्यालेक्सी एआई (आर्टिफिसियल इन्टेलीजेन्स) रहेका यी फोनले मानिसको दैनिकीमा 'व्यापक' मद्दत गर्ने विश्वास व्यक्त गरे । उनले यो वर्ष सामसङका २० करोड ग्यालेक्सी डिभाइसमा ग्यालेक्सी एआई उपलब्ध भइरहेको बताए । ग्यालेक्सी जेड फोल्ड-६ र फ्लिप-६, ग्यालेक्सी जेड सिरिजका अहिले सम्मकै सबैभन्दा पातलो र हल्का डिभाइसहरू हुन्, र सिधा एड्जहरूसँग पूर्णरूपमा सममित डिजाइनका साथ आउँछन् ।

ग्यालेक्सी जेड फोल्ड-६ ले नयाँ कभर स्क्रिन अनुपातको साथ अझै प्राकृतिक बार-टाइप भीउ इंग एक्सपिरिएन्स प्रदान गर्दछ । नयाँ ग्यालेक्सी जेड सिरिज पहिलेभन्दा धेरै टिकाउ रहेको कम्पनीको दाबी छ । डुअल रेल हिङ्ग संरचनालाई बलियो फोल्डिङ एजले थप बलियो बनाएको छ । प्रमुख स्क्रिनमा परिष्कृत तहहरूले बल कायम राख्दै क्रिज सुधार गर्न मद्दत गरेको छ । ग्यालेक्सी जेड सिरिजमा परिष्कृत आर्मर एल्युमिनियम र कोर्निङ गोरिल्लाग्लास भिक्टस २ पनि छ, जसले यसलाई अहिलेसम्मकै सबैभन्दा टिकाउ ग्यालेक्सी जेड सिरिज बनाएको कम्पनीको दाबी छ । सामसङले शुरु भएको अफर आगामी १५ गतेसम्म मात्र कायम रहने बताएको छ ।

जेड फोल्ड जस्तै एआई फिचर रहेको जेड फिल्प ६ मा फोन फिल्क्सविन्डोमा रहेका बेला म्यासेज देखिँदै जाने र एआईको मद्दतबाट रिप्लाई गर्न सकिने सुविधा छ । फिल्क्सविन्डोलाई कैयौँ तरिकाले कस्टुमाइज गर्न सकिने अप्सन पनि फोनमा उपलब्ध छ । जेड फिल्प ६ को पछाडि ५० मेगापिक्सेल र १२ मेगापिक्सेलको अल्ट्रा वाइड क्यामेरा छ । ४००० एमएएचको ब्याट्री गीत सुन्दा ६८ घण्टा र भिडियो हेर्दा २३ घण्टा टिक्ने कम्पनीले जनाएको छ ।

सामसङ नेपालका निर्देशक प्रणयरत्न स्थापितले ग्यालेक्सी जेड फोल्ड ६ र जेड फिल्प ६ मा अनेकौं महत्वपूर्ण एआई फिचर रहेको बताए । उनले हाल नयाँ ग्राहकलाई विशेष नगद छुट र अफर रहेको जानकारी गराए । फोनसँगै सामसङले २२ हजार ९९९ रुपैयाँ पर्ने बड्स थ्री र ३१ हजार ९९९ रुपैयाँको बड्स थ्री प्रो पनि सार्वजनिक गरेको छ । त्यस्तै, सामसङको वाच ७ पनि नेपालमा उपलब्ध छ । यसको ४० मिलिमिटर साइजको भेरियन्टको प्रतिमूल्य ४४ हजार नौ सय ९९ र ४४ मिलिमिटर साइजको भेरियन्टको मूल्य ४९ हजार नौ सय ९९ रुपैयाँ कायम छ ।

# अध्यक्षमा खत्री

**मोरङ, साउन ६।** कोशी प्रदेशमा भूतपूर्व सैनिक संघ तदर्थ समिति गठन गरिएको छ ।

नेपाल भूतपूर्व सैनिक संघको विधान २०७४ को परिच्छेदक ११ को ९७ बमोजिम रिक्त हुन गएको भूतपूर्व सैनिक संघ कोशी प्रदेश कार्यसमितिको अध्यक्षमा जनक खत्री (मोरङ)लाई मनोनयन गरिएको जनाएको छ ।

खत्रीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरिएको भूतपूर्व सैनिक संघ केन्द्रिय कार्यालयले जनाएको छ । संघको कोशी प्रदेश कार्यसमितिको सदस्यहरुमा कमलबहादुर सम्पाङ राई र भागिश्वर गुरुङ (इलाम), लालबहादुर गुरुङ र रामसिंह राई (ताप्लेजुंङ) रहेका छन् ।

त्यसैगरी लक्ष्मीप्रसाद श्रेष्ठ र मोहन कर्ण कार्की(मोरङ), हेमलाल लिम्बू र नीरबहादुर राई (सुनसरी) र यमबहादुर तामांङ र मानप्रसाद चेम्जोङ्ग(पाँचथर), भगीमान गुरुङ र अमरसिंह लिम्बू (झापा), होमबहादुर लिम्बू र रनमाया गुरुङ(तेह्रथुम), भक्तबहादुर तामांङ र चित्रबहादुर कार्की(भोजपुर), श्यामप्रसाद राई र खिर बहादुर कार्की( धनकुटा), डाक्टरप्रसाद पराजुली र भक्तबहादुर श्रेष्ठ(संखुवासभा) रहेका छन् ।


## श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह
अर्जुनधारा ३ ,झापा

## सिलबन्दी वोलपत्र आव्हान सम्बन्धी सूचना

**चौथो पटक प्रकाशित मितिः २०८१/०४/०७**

श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह, अर्जुनधारा-३, झापाले आ.व. २०८०/०८१ मा समूहको वनबाट उत्पादित गोलीया घाटगद्दीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ,फर्म वा कम्पनीले यो सूचना पूर्वाञ्चल पत्रिकामा चौथो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपशिल**

**१) वन पैदावारको विवरण :–**

| सि.न. | लटर/ पायल न. | जात | थान | परिमाण | ग्रेडीङ/परिमाण | ग्रेडीङ | धरौटी | न्यूनतम रकम | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ३ | साल | ३९ | ५००।५० | १८६।८१<br>२६८।०४<br>४५।४५ | A<br>B<br>C | १०% | 298,896।-<br>402,060।-<br>63,686।- | १५०।- | गोलिया |
| २. | ४ | साल | ३१ | ५०७।५५ | २१५।२४<br>२७२।९२<br>१९।२७ | A<br>B<br>C | १०% | 344,384।-<br>409,380।-<br>26,978।- | १५०।- | गोलिया |
| ३. | ५ | साल | १० | ३०५।८४ | २१३।२३<br>९२।५८ | A<br>B | १०% | 341,168।-<br>138,870।- | १५०।- | गोलिया |

**२. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय**
क. अन्तिम मिति २०८१/०४/२१ गते ख. समय ४:०० बजेसम्म
३. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको एक्सल डेभलपमेन्ट बैंक लि.मा रहेको खाता न. ०२९००२०००९८०२३००००१ नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।
४. बोलपत्र फारम प्रति लटको रु. २०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह वाट खरिद तथा दाखिला गर्न सकिने छ ।
५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको अर्जुनधारा ३,झापा र श्री डिभिजन वन कार्यालय भद्रपुर,झापा वाट पनि आवेदन फर्म उपलव्ध गर्न सकिने छ । साथै जुकेखाडी सामुदायिक वन उपभोक्ता समुह मा रहेको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।
६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण–पत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ
७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०४/२२ गते समय २ बजे समूहका पदाधिकारी, वोलपत्र दाताका प्रतिनिधि, वनका प्रतिनिधि समेतको रोहवरमा खोलिने छ ।
८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । आवेदन फममा वाहिर फर्मको नाम, ठेगाना, लट र पायल न. प्रष्ट उल्लेख गर्नुपर्ने छ ।
९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।
१०. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहीत रहनेछ ।

**सर्म्पक न. ९८६२५८८८८०, ९८५२६७३३२४**



**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



उच्च गुणस्तर सुलभ मूल्य

**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६**
**अर्जुनधारा नपा– ४, झापा**



**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२, ९८०१३६४०९३**



**नेपालीहरुको लागि भरपर्दो सेवा**

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : **निशान्त–८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)**

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
**Youtube Channel : Nishat M jotic kendra**



**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| दमकबाट : | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |



**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, आज लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
पती-पत्नीबीच थोरै बादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, तर सन्तान पक्षबाट भने सुख मिल्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
आज तपाईलाई स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
तपाईको आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।